काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ५५ ❐ बुधवार, ९ मंसिर, २०८३ ❐ Wednesday, 25 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

दशौं राष्ट्रिय खेलकुद

मैदानमा पुलिस, आर्मी र एपीएफको वर्चस्व

मंसिर १६ को औपचारिक उद्घाटनअघि नै सुर्खेतसहित लुम्बिनीमा पाँच विधाका खेल सुरु भएका छन् । बसोबास, खानपिन, स्वास्थ्य उपचार र सुरक्षा प्रबन्धमा आयोजक तथा सुरक्षा निकायको उच्च सतर्कताका साथ व्यवस्थापन गरिएको छ।

❐ सुशील खड्का

सुर्खेत, ८ मंसिर

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा बहुप्रतिक्षित दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको रौनक औपचारिक उद्घाटनको एक साताअघि नै सुरु भएको छ। यही मंसिर १६ गते भव्य समारोहका बीच प्रधानमन्त्री बालेन्द्र शाहबाट औपचारिक उद्घाटन गर्ने कार्यतालिका रहे तापनि खेल तालिकाको चाप र प्राविधिक व्यवस्थापनका कारण मंगलबारदेखि पाँच विधाका खेलहरू अनौपचारिक रूपमा प्रारम्भ भएका हुन् ।

कर्णाली प्रदेशले इतिहासमै पहिलो पटक आयोजना गरिरहेको यो बृहत् राष्ट्रिय खेलकुद महाकुम्भको पहिलो दिनको नतिजाले नेपाली खेलकुदको परम्परागत शक्ति सन्तुलनलाई पुनः एकपटक सतहमा ल्याइदिएको छ । सुर्खेतका तीनवटा खेलमैदानमा मंगलबार सम्पन्न महिला क्रिकेट, पुरुष फुटबल र महिला बास्केटबलका खेलहरूमा प्रदेश टोलीहरूलाई पछि पार्दै तीनवटै विभागीय टोलीहरू नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बलको एपीएफ क्लबले सानदार विजयी सुरुवात गर्दै आफ्नो एकछत्र दबदबा कायम गरेका छन् । उता, सुर्खेतबाहिर लुम्बिनी प्रदेशको नेपालगञ्जमा पौडी र बर्दियामा टेबल टेनिसका प्रतिस्पर्धाहरूसमेत मंगलबारबाटै सुरु भएका छन् ।

विभागीय टोलीको वर्चस्व र प्रदेशहरूको चुनौती

नेपाली खेलकुदमा नियमित प्रशिक्षण, आधुनिक पूर्वाधार, सन्तुलित आहार र व्यावसायिक वातावरण पाइरहेका विभागीय टोलीहरूसामु प्रदेशका टोलीहरू सधैं दबाबमा पर्ने गर्दछन् । दशौं राष्ट्रिय खेलकुदको पहिलो दिनको नतिजाले पनि यही तथ्यलाई पुष्टि गरेको छ । विशेषगरी महिला क्रिकेट र महिला बास्केटबलमा विभागीय टोलीहरूले प्रदेश टोलीमाथि एकतर्फी र फराकिलो जित निकालेका छन् ।



महिला क्रिकेटमा पुलिस र आर्मीको सहज जित

वीरेन्द्रनगर क्रिकेट मैदानमा मंगलबार भएको उदघाटन खेलमा महिला क्रिकेटको उद्घाटन खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले कोशी प्रदेशलाई ६ विकेटले पराजित गर्यो । टस जितेर पहिले फिल्डिङ रोजेको आर्मीले कसिलो बलिङ गर्दै कोशी प्रदेशलाई मात्र ६५ रनमा अलआउट गर्यो । कोशीका लागि कप्तान रुविना क्षेत्रीले ३६ बलमा एक छक्का र पाँच चौकासहित सर्वाधिक ३६ रनको संघर्षपूर्ण पारी खेलिन् । तर, उनलाई अन्य ब्याटरहरूले साथ दिन सकेनन् । कोशीकी रुविना महलाले ५ र सृजनाकुमारी राजबंशीले ४ रन बनाउनुबाहेक अन्यले दोहोरो अंक छुन सकेनन् । कोशीको इनिङ ध्वस्त पार्ने क्रममा आर्मीकी यमुना थारुले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा दुई मेडन राखेर मात्र ६ रन खर्चिँदै सर्वाधिक चार विकेट लिइन् । यस्तै मनिषा उपाध्यायले दुई तथा कविता कुँवर, इश्वरी विष्ट, लक्ष्मी साउँद र संगीता गुरुङले एक-एक विकेट लिए । ६६ रनको सामान्य लक्ष्य पछ्याएको आर्मीले १३ दशमलव १ ओभरमा चार विकेटको क्षतिमा लक्ष्य पूरा गर्यो । आर्मीका लागि ओपनर विन्दु रावलले २८ बलमा तीन चौकासहित सर्वाधिक २१ रन बनाइन् भने रुवी पोद्दारले १८, कविता कुँवरले अविजित १२ र अञ्जली विश्वकर्माले ७ रनको योगदान दिइन् । बलिङतर्फ कोशीकी कप्तान रुविना क्षेत्रीले तीन र एलिशा खादियाले एक विकेट लिए पनि हार टार्न सकिनन् । उत्कृष्ट बलिङ गरेकी आर्मीकी यमुना थारु प्लेयर अफ द म्याच बनिन् ।

महिला क्रिकेटको दोस्रो खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले पनि आफ्नो दवदवा कायमै राख्यो । पुलिसले लुम्बिनी प्रदेशमाथि १ सय ५८ रनको विशाल अन्तरले सानदार जित निकाल्यो । टस जितेर पहिले ब्याटिङ रोजेको पुलिसले निर्धारित ओभरमा मात्र एक विकेटको क्षतिमा १ सय ९७ रनको विशाल योगफल खडा गर्यो । पुलिसको यो विशाल स्कोर निर्माणमा शीर्ष क्रमका तीनै जना ब्याटरहरूले अर्धशतकीय पारी खेले । ओपनर रेवती धामी र कप्तान सिता रानामगरले सानदार सुरुवात दिलाउने क्रममा कप्तान रानामगरले सर्वाधिक ६६ रनको योगदान दिइन् । ४२ बलको सामना गरेकी उनले एक छक्का र नौ चौका प्रहार गरिन् । अर्की ओपनर रेवती धामीले ५३ बलमा सात चौकाको मद्दतमा अविजित ५५ रन बनाइन् । तेस्रो क्रममा ब्याटिङ गर्न आएकी इन्दू बर्मालेनिकै विष्फोटक ब्याटिङ गर्दै मात्र २७ बलमा १२ चौकाको मद्दतमा अविजित ५८ रनको पारी खेलिन्, जसका कारण उनी खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन् । पुलिसको एकमात्र विकेट लुम्बिनीकी आयुषा भुषालले लिएकी थिइन् । १ सय ९८ रनको विशाल लक्ष्य पछ्याउँदै पुलिसले घरेलु दर्शकको साथ पाएको कर्णाली प्रदेशलाई २-० गोल अन्तरले पराजित गर्यो । खेलको पहिलो हाफमै दुई गोलको अग्रता बनाएको पुलिसले दोस्रो हाफमा त्यसलाई जोगाइ राख्यो । पुलिसका लागि खेलको ३६ औं मिनेटमा धिरेन्द्र शाहले पहिलो गोल गर्दै टोलीलाई अग्रता दिलाए भने पहिलो हाफको इन्जुरी समय (४६ औं मिनेट) मा सुजन मगरले दोस्रो गोल थपे । दोस्रो हाफमा दुवै टोलीले गोलका केही राम्रा अवसर सिर्जना गरे पनि सदुपयोग गर्न सकेनन् । प्रतिस्पर्धात्मक खेलमा पुलिसका एक र कर्णालीका दुई जना खेलाडीले पहँेलो कार्ड पाएका थिए । दोस्रो खेलमा मधेश प्रदेशले सुदूरपश्चिम प्रदेशलाई १-०

बाँकी पृष्ठ २



'व्यवस्थापनमा कुनै कसर बाँकी राखेका छैनौं'



राम चरित्र मेहता
सदस्य सचिव
राष्ट्रिय खेलकुद परिषद्

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशको सुर्खेतमा अनौपचारिक रूपमा प्रारम्भ गरेका छौं । मंगलवारदेखि सुर्खेतमा तीनवटा गेम भइरहेको छ, फुटबलतर्फ पुरुष फुटबल, महिलातर्फ बास्केटबल र क्रिकेटतर्फ महिला क्रिकेट सुरु भएको छ भने नेपालगञ्जमा स्विमिङ सुरु गरेका छौं र टेबल टेनिस बर्दियामा सुरु भएको छ। खासगरी मंसिर १६ गते औपचारिक रूपमा उद्घाटन समारोह हुने भएकाले सामान्य रूपमा खेल सामग्री हस्तान्तरण गरेर पाँचवटा खेल प्रारम्भ गरेका छौं, तर मुख्य उद्घाटन १६ गते नै छ।

बसोबास, खानपिन, यातायात र शान्ति सुरक्षा जति पनि व्यवस्थापनका पक्षहरू छन्, म एकदमै नजिकबाट हेरिरहेको छु र सबै थोक मिलेको छ। हामीले हटलाइनहरू राखेका छौं, कसैलाई कुनै समस्या पर्यो भने सिधै सदस्य सचिव वा विभिन्न टोलीका नम्बरहरू सार्वजनिक गर्दैछौं । व्यवस्थापनमा हामीले कुनै कसर बाँकी राखेका छैनौं । खानपिन र बसोबासको जुन एक खालको समस्या यहाँ देखाइरहेको थियो, त्यो समस्या रहेनछ। आजसम्म पनि हामीले बुक गरेका होटलहरूको सिट र बेडहरू खाली छन् । बाहिर कर्णालीमा यस्तो छ, उस्तो छ भन्ने जुन किसिमको कुरा भएको थियो, त्यो अहिलेसम्म हामीले फेला पारेका छैनौं ।

'तालिम प्राप्त कुकुर र ड्रोनबाट समेत उच्च निगरानी'



जयराज सापकोटा
प्रमुख
कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत

"दशौं राष्ट्रिय खेलकुदमा हुने इभेन्ट्सहरू अन्तर्गत आज सुर्खेतका तीनवटा खेलमैदानमा चारवटा इभेन्ट्सहरू भइरहेका छन् भने लुम्बिनीको नेपालगञ्ज र बर्दियामा पनि पौडी, सुटिङ लगायतका गेमहरू भइरहेका छन् । समग्रमा खेलमैदानलाई सुरक्षित गर्ने, खेलाडीहरूको सुरक्षामा ध्यान दिने र बाह्य कुनै पनि अप्रिय घटना नहोस् भनेर चारवटै सुरक्षा निकाय मिलेर सुरक्षा योजना बनाएका छौं । हिजैदेखि यी खेलमैदानहरूलाई हाम्रो कन्ट्रोलमा लिइसकेका छौं । खेलमैदानको सुरक्षाका लागि हिजैबाट डग स्निफिङ गर्यौं, ड्रोनले पनि निगरानी गरिरहेका छौं । मंगलवारदेखि खेल सुरु भइसकेको छ र प्रहरी, सेना, सशस्त्र र गुप्तचर हामी संयुक्त कमाण्ड पोस्टमा रहेर खेललाई एकदम नजिकबाट हेरेका छौं मंसिर १६ गतेको उद्घाटनमा करिब १८ सयदेखि २ हजार सुरक्षाकर्मी खटिन्छन् भने अनौपचारिक दैनिक खेलका लागि लुम्बिनी प्रदेशको नेपालगञ्ज, बर्दिया र सुर्खेतमा ५ सयसम्म सुरक्षाकर्मी विभिन्न ठाउँमा खटिएका छन् ।

'रंगशालाभित्रै ८ बेडको अस्पताल तयारी अवस्थामा ६ एम्बुलेन्स'



महेन्द्रकुमार थापा
सदस्य, स्वास्थ्य उपसमिति
दशौं राष्ट्रिय खेलकुद

अहिले यहाँ रंगशालामा भएको हेल्थ उपचार केन्द्रको व्यवस्थापनमा खटिरहेका छौं । यही रंगशाला भित्र नै ८ बेडको अस्पताल सञ्चालन गरेका छौं, जहाँ प्राइमरी उपचारदेखि लिएर माइनर ओटीसम्म गर्न सक्ने खालको व्यवस्थापन गरेका छौं । यदि इन केस ठूलो इन्जुरी वा ट्रमा भयो भने प्रदेश अस्पतालसँग पनि हाम्रो कोर्डिनेसन छ र त्यहाँ पठाउने रिफरल सेन्टरको रूपमा विकास गरेका छौं । प्रदेश अस्पतालमा डिजास्टर अथवा भइपरी आउने समस्यालाई समाधान गर्नका लागि छुट्टै बेडको व्यवस्थापन गरिएको छ । हामीसँग १२ जना डाक्टरहरू विभिन्न विधाका खेलहरूमा स्ट्यान्डबाई हुनुहुन्छ भने कन्सल्टेन्ट, डिजास्टर फोकल पर्सन, हाडजोर्नी तथा नसारोग विशेषज्ञ पनि फिल्डमै रहनुहुन्छ ।

६ वटा एम्बुलेन्स स्ट्यान्डबाई यही रंगशालाका वरिपरि राखेका छौं भने अन्य उपचार र फिजियोका लागि तीनवटा बेड सेपरेट गरेर फिजियोको पनि व्यवस्थापन भइरहेको छ ।

जवाफी ब्याटिङमा उत्रिएको लुम्बिनी प्रदेश पुलिसको धारिलो बलिङसामु निरीह देखियो र १५ दशमलव ४ ओभरमा अलआउट हुँदै मात्र ३९ रनमा समेटियो । लुम्बिनीका लागि ओपनर श्रुती बुढाथोकीले सर्वाधिक १५ रन बनाइन् भने अनिता चौधरीले ८, सरस्वती पुनले ७ र कप्तान आशमा पुनमगरले ५ रन जोडिन् । लुम्बिनीका बाँकी सात जना ब्याटरहरूले खातासमेत खोल्न सकेनन् । लुम्बिनीलाई सस्तैमा समेट्न पुलिसकी करुणा भण्डारीले सर्वाधिक तीन विकेट लिइन् । यस्तै रेखा रावल, राजमती ऐरी र विनु बुढामगरले समान दुई-दुई विकेट हात पार्दा सुमन विष्टले एक विकेट लिइन् ।

फुटबलमा पुलिस र मधेशको जित

कर्णाली रंगशालामा मंगलबारबाटै सुरु भएको पुरुष फुटबल प्रतियोगितामा पनि नेपाल पुलिस क्लबले विजयी सुरुवात गरेको छ । उद्घाटन खेलमा

सम्पादकीय

नेपाल-भारत सम्बन्ध, कार्यान्वयनको परीक्षा

प्रधानमन्त्री बालेन्द्र शाहको भारतको दुईदिने राजकीय भ्रमणले नेपाल-भारत सम्बन्धलाई विकास, व्यापार, पारवहन र पूर्वाधार सहकार्यको नयाँ चरणमा लैजाने सम्भावना देखाएको छ । भ्रमणका क्रममा भारतले नेपाललाई २४ हजार करोड नेपाली रूपैयाँ बराबरको विकास सहयोग घोषणा गर्नुका साथै ऊर्जा, रेल, हवाई सम्पर्क, बन्दरगाह पहुँच र सीमा पूर्वाधार विस्तारमा विभिन्न सहमति भएका छन् । यी उपलब्धिले नेपालको आर्थिक विकास र क्षेत्रीय सम्पर्क सञ्जाल विस्तारका लागि नयाँ अवसर सिर्जना गर्न सक्छन् । विशेषगरी नेपालको तेस्रो मुलुकसँगको व्यापारका लागि गुजरातस्थित दीनदयाल बन्दरगाह र भविष्यमा पारादीप बन्दरगाहसम्म पहुँच विस्तार गर्ने सहमति महत्वपूर्ण छ । भूपरिवेष्टित मुलुक नेपालका लागि पारवहनका वैकल्पिक मार्ग विस्तार हुनु व्यापारिक लागत घटाउने र आयात-निर्यातलाई सहज बनाउने अवसर हो । त्यसैगरी काठमाडौं-भैरहवा-लखनउ हवाई मार्गलाई दुवैतर्फ सञ्चालन गर्ने सहमति र रक्सौल-काठमाडौं रेलमार्गको सर्वेक्षण सम्पन्न हुनुले यातायात सम्पर्क विस्तारको सम्भावना बढाएको छ ।

ऊर्जा क्षेत्रमा तल्लो अरूण आयोजनाको शिलान्यास, अरूण-३ निर्माणलाई गति दिने प्रतिबद्धता तथा पञ्चेश्वर, सप्तकोशी र सुनकोशी आयोजनामा सहकार्य गर्ने सहमतिले जलस्रोत उपयोगको सम्भावना उजागर गरेका छन् । पेट्रोलियम पाइपलाइन विस्तार, भण्डारण पूर्वाधार निर्माण र कृषि औद्योगिक पार्क स्थापनासम्बन्धी सहमतिले पनि नेपालको उत्पादन, आपूर्ति र औद्योगिक विकासमा योगदान पुऱ्याउन सक्छन् । तर, यस्ता घोषणा र सहमति आफैंमा विकासका उपलब्धि होइनन् । २४ हजार करोड रूपैयाँको सहयोगमध्ये ५ हजार ६ सय करोड अनुदान र १८ हजार ४ सय करोड ऋण सहायता हुने विषयले नेपालको आर्थिक दायित्व र प्रतिफलको गम्भीर मूल्यांकन आवश्यक बनाएको छ । ऋणमा आधारित आयोजनाले मुलुकलाई कति लाभ दिन्छन्, तिनको प्रतिफलले ऋणको भार धान्न सक्छ कि सक्दैन भन्ने विषयमा सरकारले स्पष्ट अध्ययन गर्नुपर्छ ।

नेपाल-भारत सम्बन्ध भौगोलिक निकटता र ऐतिहासिक सम्बन्धमा मात्र सीमित छैन । यो नेपालको व्यापार, पारवहन, ऊर्जा र आर्थिक समृद्धिसँग प्रत्यक्ष जोडिएको छ । त्यसैले सहकार्य गर्दा नेपालको राष्ट्रिय हित, सार्वभौमिकता र आर्थिक स्वार्थलाई केन्द्रमा राख्नुपर्छ । प्रधानमन्त्री शाहको भ्रमणबाट प्राप्त सहमतिलाई कार्यान्वयनमा लैजान स्पष्ट समयसीमा, पारदर्शी प्रक्रिया र प्रभावकारी अनुगमन संयन्त्र आवश्यक छ । विगतमा पनि थुप्रै आयोजना र सहमति कार्यान्वयनको अभावमा अलपत्र परेका उदाहरण छन् । त्यसैले यसपटक पनि घोषणा दोहोरिने तर परिणाम नदेखिने अवस्था आउन दिनु हुँदैन । अन्ततः भ्रमणको सफलता सहमति र घोषणाको संख्याले होइन, त्यसबाट नेपाली नागरिकले प्राप्त गर्ने वास्तविक लाभले मापन हुनेछ । अब सरकारले कूटनीतिक उपलब्धिलाई व्यवहारमा उतार्दै व्यापार, पूर्वाधार, ऊर्जा र उत्पादनका क्षेत्रमा प्रत्यक्ष परिणाम देखाउन सक्नुपर्छ ।

चिनियाँ प्राध्यापकको नजरमा प्रधानमन्त्रीको भारत भ्रमणले देखाएको कूटनीतिक बाटो



✍ झाङ जियाडोङ

आइतबारदेखि सोमबारसम्म नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले भारतको औपचारिक भ्रमण गरे । करिब आठ महिनाअघि पदभार सम्हालेपछिको यो उनको पहिलो द्विपक्षीय विदेश भ्रमण थियो । यसले हालैका वर्षहरूमा नेपाल र भारतबिचको महत्त्वपूर्ण उच्चस्तरीय संवादलाई समेत दर्साएको छ।

नवनियुक्त नेपाली प्रधानमन्त्रीहरूले पहिलो द्विपक्षीय विदेश भ्रमणका रूपमा भारतलाई रोज्ने लामो समयदेखिको परम्परालाई नै यस भ्रमणले निरन्तरता दिएको छ । यद्यपि, छोटो अवधि, निकै सीमित भ्रमण तालिका तथा मुख्यतया आर्थिक एवं कार्यमूलक सहकार्यमा केन्द्रित विषयवस्तुजस्ता यसका विशिष्ट विशेषताहरू अझ बढी उल्लेखनीय रहे । यस्ता प्रबन्धहरू भ्रमण कार्यतालिका व्यवस्थापनमा मात्र सीमित थिएनन् । यिनले कूटनीतिलाई गैर-राजनीतिकरण गर्ने र नेपाललाई परम्परागत 'बफर स्टेट' बाट 'ब्रिज स्टेट' मा रूपान्तरण गर्ने शाह प्रशासनको प्रयासलाई प्रतिबिम्बित गरेका छन् ।

धेरै साना राष्ट्रहरूले प्रमुख शक्तिहरूबिच कूटनीतिक सन्तुलन कायम गर्ने रणनीति अपनाउने प्रयास गर्छन् र त्यसलाई आर्थिक लाभमा परिणत गर्ने आशा राख्छन् । तर यो दृष्टिकोणमा उल्लेख्य जोखिम पनि निहित हुन्छ । विश्वमञ्चमा गरिने यस्तो सन्तुलन सहजै आन्तरिक राजनीतिमा प्रवेश गर्न सक्छ, जसले देशभित्रका विभाजन र अस्थिरतालाई बढवा दिँदै अन्ततः दीर्घकालीन स्थिरता एवं विकासलाई कमजोर बनाउँछ। शाह प्रशासन यो कूटनीतिक असमञ्जस्यबाट बाहिर निस्कन दृढ देखिएको छ।

नेपाललाई लामो समयदेखि चीन र भारतजस्ता 'दुई ढुङ्गाबीचको तरुल' का रूपमा चित्रण गरिँदै आएको छ, जहाँ यसको परराष्ट्र नीति दुई छिमेकीबिच रणनीतिक सन्तुलनका लागि ठाउँ सुरक्षित राख्नमै केन्द्रित रहँदै आयो । तर, शाह प्रशासनले यस भौगोलिक बाध्यतालाई विकासको अवसरमा बदल्ने र नेपाललाई एक 'जीवन्त सेतु' बनाउने प्रस्ताव स्पष्ट रूपमा अघि सारेको छ।

भारत र चीनका लागि शाह प्रशासनले गरेका राजदूत नियुक्तिहरू यसै दृष्टिकोणका स्पष्ट उदाहरण हुन् । नयाँ राजदूतहरू डा. निश्चलनाथ पाण्डे र डा. कल्याणराज शर्मा दुवै सम्बन्धित देशका मामिलामा विज्ञ हुन्, जससँग ती मुलुकहरूको व्यापक ज्ञान तथा व्यावसायिक सञ्जाल छ।



यो रूपान्तरण हासिल गर्न आन्तरिक राजनीतिले परराष्ट्र नीतिमा पार्ने दबाब कम गर्नुपर्ने हुन्छ। एकातिर नेपाल आफ्नो बाह्य सम्बन्धलाई दलीय दाउपेच र प्रतीकात्मक सन्तुलनबाट टाढा राख्दै व्यावसायिक दक्षता तथा व्यावहारिक हितमा बढी जोड दिन चाहन्छ। अर्कोतिर छिमेकीहरूसँगको कूटनीतिमा राजनीतिक तथा रणनीतिक आयामलाई न्यून गर्दै व्यावहारिक सहकार्यलाई उच्च प्राथमिकता दिने यसको लक्ष्य छ।

भारत र चीनका लागि शाह प्रशासनले गरेका राजदूत नियुक्तिहरू यसै दृष्टिकोणका स्पष्ट उदाहरण हुन् । नयाँ राजदूतहरू डा. निश्चलनाथ पाण्डे र डा. कल्याणराज शर्मा दुवै सम्बन्धित देशका मामिलामा विज्ञ हुन्, जससँग ती मुलुकहरूको व्यापक ज्ञान तथा व्यावसायिक सञ्जाल छ । यी नियुक्तिहरूले कूटनीतिलाई आन्तरिक राजनीतिक खिचातानीबाट अलग राख्ने र द्विपक्षीय सम्बन्धलाई अझ व्यावसायिक आधार प्रदान गर्ने प्रयासलाई दर्साउँछन् ।

शाहको भारत भ्रमणले यस गैर-राजनीतिकरणको सोचलाई उच्चस्तरीय संवादसम्म विस्तार गऱ्यो । करिब २० घण्टा मात्र चलेको यो भ्रमण औपचारिक तामझामलाई न्यूनतम बनाउँदै नयाँ दिल्लीमै पूर्ण रूपमा केन्द्रित रह्यो । ऊर्जा, कनेक्टिभिटी, लगानी, शिक्षा, स्वास्थ्य र कृषिजस्ता क्षेत्रमा व्यावहारिक सहकार्यमा यसको कार्यसूची केन्द्रित रह्यो भने सीमा विवादजस्ता अत्यधिक राजनीतिकरण गरिएका मुद्दाहरूलाई कम महत्त्व दिइयो वा औपचारिक कार्यसूचीबाट बाहिरै राखियो। यसले शाहको 'आन्तरिक प्राथमिकता पहिले' भन्ने दृष्टिकोण र औपचारिकताभन्दा विषयवस्तुलाई प्राथमिकता दिने शैलीलाई उजागर गरेको छ।

निःसन्देह, भूराजनीतिक मध्यवर्ती राज्य ('बफर स्टेट') बाट कार्यमूलक सहकार्यको सेतु ('ब्रिज स्टेट') बन्ने नेपालको रूपान्तरण हालका लागि मुख्यतया नीतिगत दिशाकै रूपमा सीमित छ।

नेपाल-भारत सम्बन्धलाई गैर-राजनीतिकरण गर्दै शाह परराष्ट्र नीतिका निर्णयहरूमा आन्तरिक दलीय विभाजन र वैचारिक बहसको हस्तक्षेप घटाउन चाहन्छन्, जसले गर्दा बाह्य नीतिले आर्थिक पुनरुत्थान र सुशासनका आवश्यकताहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकोस् । साथै, उनी ठोस र मापनयोग्य सहकार्यका माध्यमबाट चीन र भारतबीच स्वतन्त्र ढंगले अघि बढ्ने पर्याप्त ठाउँ सुरक्षित गर्न खोजिरहेका छन् ।

हालै नेपालको सत्तारूढ दलले चीनमा सांसदहरूको ठुलो प्रतिनिधिमण्डल पनि पठाएको थियो। यो कदममा कूटनीतिक सन्तुलनको केही अंश देखिए तापनि यसको मुख्य ध्यान राजनीतिक ध्रुवीकरण वा कुनै एक पक्ष रोज्नुभन्दा पनि कार्यमूलक सहकार्यमै केन्द्रित थियो । यसअघि संयुक्त राष्ट्रसङ्घको महासभामा शाहले नेपाल, भारत र चीनको नेतृत्वमा प्रस्ताव गरेको 'हिमालयन क्लाइमेट रेजिलेन्स मेकानिजम' ले पनि यही सोचलाई प्रतिबिम्बित गर्दछ। प्रमुख छिमेकीहरूसँगको सम्बन्धलाई आधारभूत रूपमै पुनर्परिभाषित गर्ने प्रयास गर्नुको साटो यस पहलले तथ्याङ्क आदानप्रदान, हिमनदी अनुगमन र विपद् पूर्वसूचनाजस्ता निश्चित कार्यमूलक क्षेत्रहरूमा जोड दिन्छ।

निःसन्देह, भूराजनीतिक मध्यवर्ती राज्य ('बफर स्टेट') बाट कार्यमूलक सहकार्यको सेतु ('ब्रिज स्टेट') बन्ने नेपालको रूपान्तरण हालका लागि मुख्यतया नीतिगत दिशाकै रूपमा सीमित छ । यसका ठोस नतिजाहरूको मूल्याङ्कन हुन समय लाग्नेछ । भूगोल र असमान निर्भरताले सिर्जना गरेका सीमाहरू पूर्ण रूपमा हटिसकेका छैनन्, जुन यथार्थ पहिलो द्विपक्षीय भ्रमणका लागि शाहले भारत रोजेबाट पनि प्रस्ट हुन्छ।

तैपनि, राजदूत नियुक्तिहरूको व्यवसायीकरण, संक्षिप्त एवं केन्द्रित भ्रमण तथा व्यावहारिक सहकार्यमा आधारित कार्यसूचीमार्फत शाह प्रशासनले कूटनीतिको गैर-राजनीतिकरण नै आफ्नो मूल रणनीति रहेको तथ्य उजागर गरेको छ । यसको उद्देश्य चीन-भारत शक्ति सन्तुलनलाई बदल्नु होइन, बरु भूराजनीतिक प्रभावले नेपालको स्वतन्त्र कार्यक्षेत्रमा पार्ने असरलाई न्यूनतम बनाउनु हो । रणनीतिक सन्तुलनको कमजोर नाटक गर्नुभन्दा कार्यान्वयनयोग्य सहकार्यका आधारमा आफूलाई कार्यमूलक सेतुका रूपमा स्थापित गर्न यसले खोजेको छ । यो दृष्टिकोण कत्तिको दिगो रहन सक्छ भन्ने पक्ष नेपालको आन्तरिक राजनीतिक स्थिरता र ठोस कूटनीतिक परिणामहरू हासिल गर्ने क्षमतामा निर्भर रहनेछ।

(लेखक फुदान विश्वविद्यालयको सेन्टर फर साउथ एसियन स्टडिजका निर्देशक हुन् ।)

एनपिएलका आठै टोलीसँग शिक्षामन्त्री पोखरेलको छलफल



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ मंसिर

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नेपाल प्रिमियर लिग (एनपिएल)का फ्रेन्चाइज टोलीसँग छलफल गरेका छन् ।

छलफल सिंहदरबारस्थित मन्त्रालयमा भएको थियो ।

मन्त्री पोखरेलसँगको छलफलमा नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्कासहित एनपिएलका आठ वटै फ्रेन्चाइज टोलीका प्रतिनिधि सहभागी थिए ।

केही दिनअघि प्रधानमन्त्री वालेन्द्र शाहले एनपिएलको छैटौं संस्करणदेखि होम एण्ड अवे प्रणालीमा खेल खेलाइने र सबै टिमका लागि फ्लडलाइटसहितको आफ्नै घरेलु मैदान निर्माण हुने घोषणा गरेका थिए ।

मैदानमा...

गोलअन्तरले पराजित गऱ्यो। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलमा विकाश दर्लामीले ५६ औं मिनेटमा गरेको गोल नै मधेशको जितमा निर्णायक बन्यो ।

खेल ढिलो सुरु भएका कारण निर्धारित समय घटाएर ३५-३५ मिनेटको खेलाइएको थियो । यसअघि मंगलबार नै भएको उद्घाटन खेलमा नेपाल पुलिस क्लबले कर्णाली प्रदेशमाथि २-० को सहज जित निकाल्यो । प्रतियोगिताअन्तर्गत बुधबार पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले लुम्बिनी प्रदेशको सामना गर्नेछ भने दोस्रो खेल कोशी प्रदेश र बागमती प्रदेशबीच हुनेछ ।

महिला बास्केटबलमा एपीएफ र आर्मीको विजयी सुरुवात

मंगलबार नै सम्पन्न महिला बास्केटबलका चारवटा खेलमा पनि विभागीय टोलीहरू नै हाबी रहे । फुल-कोर्ट (५-५) विधाको विभागीय डर्बीमा सशस्त्र प्रहरीको एपीएफ क्लबले नेपाल पुलिस क्लबलाई ५२-१९ को फराकिलो अन्तरले पराजित गर्यो ।

यस्तै, फुल-कोर्टकै अर्को खेलमा सुदूरपश्चिम प्रदेशले बागमती प्रदेशमाथि ३६-३३ को रोमाञ्चक जित निकाल्यो । यसैगरी, थ्री-अन-थ्री (३ह३) विधाको पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले एपीएफ क्लबलाई १७-१२ को अन्तरले हरायो भने अर्को खेलमा बागमती प्रदेशले घरेलु टोली कर्णाली प्रदेशलाई ९-६ ले पराजित गरेको राष्ट्रिय बास्केटबलका सिनियर रेफ्री राजेश महर्जनले जानकारी दिए ।

रंगशालाभित्रै अस्पताल र उच्च सुरक्षा सतर्कता

कर्णाली प्रदेशमा दशौं राष्ट्रिय खेलकुद आयोजना हुने तय भएदेखि नै यहाँको भौतिक पूर्वाधार, खेलाडीको बसोबास, खानपिन र स्वास्थ्य सुरक्षाको विषयलाई लिएर विभिन्न कोणबाट शंका र बहस हुँदै आएको थियो । तर, खेल सुरु भएसँगै आयोजक राष्ट्रिय खेलकुद परिषद् (राखेप) र स्थानीय प्रशासनले देखाएको सक्रियताले ती शंकाहरूलाई चिर्ने प्रयास गरेको छ । खेलका क्रममा खेलाडीलाई हुन सक्ने सम्भावित चोटपटक र आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न मुख्य रंगशाला परिसरमै ८ बेडको सुविधासम्पन्न अस्थायी अस्पताल स्थापना गरिएको छ । जहाँ प्राथमिक उपचारदेखि माइनर ओटी (शल्यक्रिया) र फिजियोथेरापीका लागि ३ वटा छुट्टै बेडको व्यवस्था छ । १२ जना चिकित्सक, कन्सल्टेन्ट, हाडजोर्नी तथा नसारोग विशेषज्ञसहित ६ वटा एम्बुलेन्स रंगशाला वरिपरि चौबिसै घण्टा स्ट्यान्डबाई राखिएको छ भने गम्भीर प्रकृतिको चोटपटक (ट्रमा) का लागि कर्णाली प्रदेश अस्पताललाई रिफरल सेन्टरका रूपमा तयार पारिएको छ । सुरक्षा व्यवस्थातर्फ पनि चारवटै सुरक्षा निकाय–नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको संयुक्त कमाण्ड पोस्ट खडा गरी खेलमैदानलाई पूर्ण नियन्त्रणमा लिइएको छ । सोमबारदेखि नै तालिमप्राप्त कुकुर (डग स्निफिङ) र आधुनिक ड्रोन प्रविधिमार्फत खेलस्थलको निगरानी भइरहेको छ । मंसिर १६ गतेको मुख्य उद्घाटन समारोहमा करिब २ हजार सुरक्षाकर्मी परिचालन गर्ने योजना बनाइएको छ भने हाल दैनिक खेल सञ्चालनका लागि लुम्बिनी प्रदेशका खेलस्थलसमेत गरी ५ सय ५० को हाराहारीमा सुरक्षाकर्मी खटाइएको छ । समग्रमा, पहिलो दिनको उत्साहजनक सुरुवात र चुस्त व्यवस्थापनले दशौं राष्ट्रिय खेलकुद भव्य र व्यवस्थित रूपमा सम्पन्न हुने सकारात्मक सन्देश प्रवाह गरेको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

गर्भपतन गराउने किशोरी आमा ५५ प्रतिशत



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, ८ मंसिर

हुम्लामा गर्भपतन गराउने १८ वर्षमुनिका किशोरी आमाको संख्या बढ्दै गएको छ। अघिल्लो आर्थिक वर्षमा कुल गर्भपतन गराउने किशोरीमध्ये यो संख्या ५५ प्रतिशतभन्दा बढी रहेको हो।

आर्थिक वर्ष २०८२/०८३ मा स्वास्थ्य सेवा कार्यालय अर्न्तगत जिल्ला अस्पतालमा कुल १४३ जना महिलाले गर्भपतन गराएकोमा ८० जना १८ वर्षमुनिका किशोरी आमा रहेको अस्पतालका चिकित्सक भिमबहादुर बुढाले बताए।

यो संख्या कुल गर्भपतन गराउने संख्याको ५५ दशमलव ९४ प्रतिशत छ। १८ वर्षभन्दा कम उमेर समूहका गर्भपतन गराउने किशोरी आमामध्ये ८० प्रतिशत विवाहित रहेका छन्। तर, यसमा गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा गर्भपतन गराउनेको विवरण भने समेटिएको छैन। यी विवरण समेट्ने हो भने १८ वर्षमुनि गर्भपतन गराउने किशारी आमाको संख्या झनै बढ्ने उनको भनाइ छ।

गत वर्ष १८ वर्षमुनिका ५५ जना किशोरी आमाले गर्भपतन गराए थिए। चाँडो विवाह गर्ने चलन बढ्दै गएका कारण उमेर नपुगी किशोरी अवस्थामै गर्भ रहने र पछि शिशु जन्माउन नचाहने भएको कारण किशोरी आमाले गर्भपतन गराउने गरेको सिमकोट गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख नरबहादुर भण्डारीले बताए। २० वर्ष उमेर नपुगी विवाह गर्न हुन्न भन्ने कानुनको व्यवस्थाको बारेमा जनचेतना फैलाउने कार्य हुन नसक्नुले पनि यो समस्या बढ्दै गएको उनी बताउँछन्।

सामाजिक सञ्जालको कारण सानै उमेरमा फेसबुकबाटै चिनजान हुने तथा शारीरिक सम्बन्ध कायम भएपछि गर्भ रहने र त्यसपछि गर्भपतन गराउने कार्य बढ्दै गएको उनले बताए। अस्थायी साधनको प्रयोगबारे ज्ञान नभएका कारण पनि गर्भपतनको उपाय रोज्ने चलन बढ्दै गएको उनको भनाइ छ।

दोधारा चाँदनी झोलुङ्गे पुल पुनर्निर्माणका लागि बजेट माग

❐ **काँक्रेविहार संवाददाता**
महेन्द्रनगर, ८ मंसिर

कञ्चनपुरको महाकाली नदीमा पुनर्निर्माणको पर्खाइमा रहेको दोधारा चाँदनी झोलुङ्गे पुलका लागि रु पाँच करोड बजेट माग गरिएको छ।

गत असोज १४ गते महाकाली नदीमा आएको बाढीले पुलको एउटा स्तम्भ भत्काएपछि आवागमन पूर्ण रुपमा बन्द छ। यहाँको भीमदत्त नगरपालिका र दोधारा चाँदनी जोड्ने ऐतिहासिक झोलुङ्गे पुल पुनर्निर्माणका लागि पहिलो चरणमा पूर्वाधार विकास मन्त्रालयसँग रु पाँच करोड बजेट माग भएको सस्पेन्सन



ब्रिज डिभिजनका योजना प्रमुख शङ्कर बुढाथोकीले जानकारी दिए।

"माटो परीक्षण गर्नुपर्ने भत्किएको पिल्लर वरपर अहिले पनि पानी बगिरहेकाले हामीले प्राविधिक खटाएर विस्तृत लागत प्रतिवेदन तयार पार्न सकेका छैनौं", योजना प्रमुख बुढाथोकीले भने, "नदीमा पानीको सतह घटेपछि अरु प्राविधिक काम सम्पन्न गरेर ठेक्का प्रक्रियामा जान्छौं।"

पुलमा क्षति भएपछि त्यसको अध्ययन गर्न सस्पेन्सन ब्रिज डिभिजनका उपमहानिर्देशक कमलकुमार अधिकारीको नेतृत्वमा दुई सदस्य प्राविधिक टोली कञ्चनपुर पुगेको थियो। टोलीले पुलमा रु सात करोड बराबरको क्षति भएको र पुनर्निर्माण गरी सञ्चालनमा ल्याउन करिब रु २० करोड लाग्ने अनुमान गरेको थियो।

यहाँ आएको प्राविधिक टोलीले पुलको ढलेको पिल्लरसँगै दायाँ-बायाँतर्फका थप दुई पिल्लरसमेत कमजोर अवस्थामा रहेको औंल्याएको छ।

त्यसैगरी सुदूरपश्चिम प्रदेश सरकारले दोधारा चाँदनी झोलुङ्गे पुल पुनर्निर्माणका लागि रु एक करोड बजेट विनियोजन गरेको छ। दोधारा चाँदनी झोलुङ्गे पुल पर्यटकीय गन्तव्यका रुपमा पनि मुलुकमै परिचित पुलमा पर्छ।

दाइँमा आधुनिक थ्रेसरको प्रयोग बढ्दै

❐ **काँक्रेविहार संवाददाता**
दाङ, ८ मंसिर

कामदारको अभाव र ज्याला बढ्दै गएपछि यहाँका किसान धान झार्न आधुनिक थ्रेसर मेसिनको प्रयोगतर्फ आकर्षित भएका छन्। जनशक्ति र समयको बचत हुने भएकाले थ्रेसर मेसिनको प्रयोगमा वृद्धि भएको स्थानीय किसानले बताएका छन्।

घोराही उपमहानगरपालिका-७ का किसान पवन ओलीले पछिल्लो समय स्थानीय युवा वैदेशिक रोजगारीमा जाने र गोरु पाल्न छाडेकाले थ्रेसर मेसिनको प्रयोगले निकै सहज भएको बताए। गाउँमा कामदार पाउन मुस्किल हुने र पाइए पनि कामदारको ज्याला महँगो पर्ने



उनको भनाइ रहेको छ।

"थ्रेसर मेसिनबाट काम गर्दा छिटो हुने र खर्च कम लाग्छ। त्यसैले धान भित्र्याउन मेसिनकै भर पर्न थालेका छौं", उनले भने। सोही स्थानमा अर्का किसान सन्तोष चौधरीले पनि थ्रेसर मेसिनले खेतीपातीको काम सहज बनाएको बताए।

गोरु र कृषि मजदुरको अभाव बढ्दै गएको अवस्थामा थ्रेसर मेसिन खेतसम्म लैजान र प्रयोग गर्न सजिलो भएको उनको भनाइ छ। थ्रेसर मेसिन सञ्चालक रणबहादुर चौधरी अनुसार मेसिनको प्रयोगले किसानको समय र श्रम बचत हुनुका साथै खर्च कम लाग्ने गरेको छ। उनले धान र पराल छुट्याएबापत प्रतिघण्टा रु दुई हजार ३०० बराबरको ज्याला लिने गरेको जानकारी दिए। जिल्लामा थ्रेसर मेसिनको माग बढ्दै गएको उनको भनाइ छ।

कृषि ज्ञान केन्द्र दाङका प्रमुख नवराज भण्डारीका अनुसार जिल्लामा ३४ हजार २३३ हेक्टरमा धानखेती हुँदै आएको छ। पछिल्लो समय जिल्लाका १० वटै स्थानीय तहका किसानले धान र पराल छुट्याउन थ्रेसर मेसिनको प्रयोग गर्दै आएको उनको भनाइ छ।

चलचित्र क्षेत्रको बदलिँदो स्वरूपअनुसार नयाँ कानुन : सञ्चारमन्त्री तिमिल्सिना



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ८ मंसिर

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले चलचित्र क्षेत्रको वर्तमान आवश्यकता, बदलिँदो स्वरूप तथा प्रविधि र विस्तारित भूमिकालाई सम्बोधन गर्न समयानुकूल नयाँ कानुन ल्याउन लागिएको बताएका छन्।

सङ्घीय संसद्,
प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा चलचित्र विधेयक, २०८१ माथिको दफावार छलफलमा सहभागी हुँदै उनले चलचित्रलाई मनोरञ्जनको साधनका रूपमा मात्र सीमित नराखी कला, संस्कृति, भाषा प्रवर्द्धन, सूचना प्रवाह, सिर्जनशीलता र आर्थिक विकासमा योगदान पुऱ्याउने उद्योगका रूपमा विकास गर्नेगरी विधेयक तयार पारिएको बताए।

तिमिल्सिनाले प्रस्तावित विधेयकमा चलचित्र क्षेत्रको वर्तमान आवश्यकता र भविष्यको सम्भावनालाई समेटेको उल्लेख गरे। उनले चलचित्रको 'सेन्सर' र वर्गीकरणबीचको भिन्नता स्पष्ट पार्दै यससम्बन्धी कानुनी व्यवस्था अन्तरराष्ट्रिय अभ्यासअनुसार परिमार्जन गर्नुपर्ने बताए।

चलचित्र 'सेन्सर' र वर्गीकरणलाई स्पष्ट पारिनुपर्ने गरी विधेयकमाथि आएका संशोधन प्रस्तावमाथि पनि समितिले आवश्यक छलफलमार्फत् टुङ्गोमा पुऱ्याउने विश्वास पनि सञ्चारमन्त्री तिमिल्सिनाले व्यक्त गरे। कुन विषयमा 'सेन्सर' आवश्यक हुन्छ र कुन विषयलाई वर्गीकरणमार्फत व्यवस्थापन गर्न सकिन्छ भन्ने स्पष्ट हुनुपर्ने उनको भनाइ थियो।

सञ्चारमन्त्री तिमिल्सिनाले चलचित्र क्षेत्रको विकासका लागि चलचित्र विकास बोर्डको उद्देश्य, भूमिका, अधिकार र नेतृत्वसम्बन्धी व्यवस्था पनि कानुनबाटै स्पष्ट हुनुपर्ने बताए। बोर्डलाई प्रभावकारी रूपमा काम गर्न सक्ने गरी संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै आवश्यक स्वायत्तता र अधिकार प्रदान गर्ने व्यवस्था कानुनमा समेटिनुपर्ने उनको धारणा थियो।

एसईईको आवेदन फाराम भर्ने म्याद १५ दिन थप

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ८ मंसिर

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले कक्षा १० मा अध्ययनरत परीक्षार्थीहरूका लागि एसईई आवेदन फाराम भर्ने तथा भराउने म्याद १५ दिन थप गरेको छ।



कार्यालयले मंगलबार दोस्रोपटक सूचना जारी गर्दै यसअघि कात्तिक ९ गतेको सूचनाअनुसार मंगलबारसम्म तोकिएको समयावधि दसैं, तिहार तथा छठ पर्वको बिदाका कारण अपुग भएको भन्दै विद्यालयहरूबाट म्याद थपको माग आएकाले समय थप गरिएको जनाएको छ।

नयाँ व्यवस्थाअनुसार राजस्व बुझाउनेलगायतका अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्ने अन्तिम मंसिर २५ सम्म कायम गरिएको कार्यालयले जानकारी दिएको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०९

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (सानिक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री कविता के.सी.** धनी रहेको, **दर्ता नम्बर** १०७४०/०८०/०८१ बाट **वीरेन्द्रनगर-८, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री कर्णाली घर** नामको प्राइभेट/साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०९

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (सानिक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बालकुमारी सुनार** धनी रहेको, **दर्ता नम्बर** ३१०५/०७३/०७४ बाट **वीरेन्द्रनगर-६, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री सहारा सिप विकास तालिम केन्द्र** नामको प्राइभेट/साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०९

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (सानिक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री ददीमल कामी** धनी रहेको, **दर्ता नम्बर** ८९०९/०७८/०७९ बाट **वीरेन्द्रनगर-४, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री हिमा कर्णाली फर्निचर उद्योग** नामको प्राइभेट/साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०९

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (सानिक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री देउमी कुमारी बुढा** धनी रहेको, **दर्ता नम्बर** ८१८३/०७८/०७९ बाट **भेरीगंगा-१२, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री न्यू स्टार देउमी टेलर्स** नामको प्राइभेट/साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

काँक्रेविहार राष्ट्रिय दैनिक

विविध

बुधवार, ९ मंसिर, २०८३
Wednesday, 25 Nov 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

एआईले मानिस होइन, मानिसले एआई चलाउन सक्नुपर्छ : विज्ञ

काँक्रेविहार संवाददाता
काठमाडौं, ८ मंसिर

विभिन्न क्षेत्रका विज्ञहरूले कृत्रिम बुद्धिमत्ता (एआई) का कारण रोजगारी गुम्ने चिन्ताभन्दा यसको सही प्रयोग गर्न सक्ने दक्ष जनशक्ति उत्पादनमा ध्यान दिनुपर्नेमा जोड दिएका छन् । डिजिटल मिडिया फाउन्डेसनद्वारा शनिबार राजधानीस्थित होटल हिमालयमा आयोजित 'नेसनल एआई समिट २०२६'



मा उनीहरूले एआईलाई मानिसको विकल्पका रूपमा नभई कामलाई प्रभावकारी बनाउने उपकरणका रूपमा प्रयोग गर्नुपर्ने बताउँदै शिक्षा प्रणाली, पाठ्यक्रम र सीप विकासमा समयानुकूल परिवर्तन आवश्यक रहेको औँल्याए । सहभागी विज्ञहरूले एआईको बढ्दो प्रयोगले रोजगारीको स्वरूपमा परिवर्तन ल्याउने भए पनि प्रविधिलाई बुझ्न, प्रयोग गर्न र त्यसबाट निस्कने नतिजाको मूल्यांकन गर्न सक्ने जनशक्तिका लागि अवसर अझै विस्तार हुने धारणा उनीहरुको थियो ।

जापानको वासेदा विश्वविद्यालयका सहप्राध्यापक डा विकास लाम्सालले एआईमा पूर्ण निर्भर हुनुभन्दा यसको प्रयोग गर्ने र त्यसबाट प्राप्त नतिजाको सत्यता जाँच्न सक्ने क्षमता विकास गर्नुपर्ने बताए । एआईले उपलब्ध गराएको सामग्री जस्ताको तस्तै प्रयोग गर्ने प्रवृत्तिले जनशक्तिको रोजगारी जोखिममा पार्न सक्ने भए पनि एआईले गरेका गल्ती पहिचान गर्न, नतिजाको विश्लेषण गर्न र वास्तविक अनुसन्धानका जटिल समस्या समाधान गर्न सक्ने व्यक्तिको आवश्यकता भने कायमै रहने उनले स्पष्ट गरे ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा जिल्ला सुर्खेत लेकबेशी नगरपालिका वडा नं. ५ बस्ने भारतीय सेनाका पेन्सनर (सेना नं. ५७३९९६० ८, २/८GR) नर बहादुर आलेको पत्नीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर अमृता मगरनी, जन्ममिति २००७/११/२४ र निजको पतिको भारतीय सेनाको अभिलेखमा नामथर नरिमाया आलेनी उल्लेख भई फरक परेकोमा दुवै नामथर उल्लेख भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भन्ने व्यहोरा प्रमाणित गरिपाउँ भनी निवेदन पेश भएकोमा नेपाली नागरिकता प्रमाणपत्र, भारतीय सेनाको अभिलेख, लेकबेशी नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. १०६, मिति २०८३/०८/०१ को पत्र, जिल्ला प्रहरी कार्यालय सुर्खेतको च.नं. १०१८, मिति २०८३/०८/०४ को पत्र र अमृता मगरनी स्वयम् यस कार्यालयमा उपस्थित भई गरेको स्वघोषणा समेतको आधारमा उल्लिखित नामथर अमृता मगरनी, जन्ममिति २००७/११/२४ र नामथर नरिमाया आलेनी फरक फरक व्यक्ति नभई एउटै भएको व्यहोरा यसै राष्ट्रिय पत्रिकामा प्रकाशित गरी सबैमा जानकारी गराइन्छ ।

आधारभुत स्वस्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिती

कुमाख गाउँपालिका-४, थदरा, सल्यान

शिलबन्दी कोटेशन आव्हान गरिएको सूचना

(तेस्रो पटक प्रकाशित मिति : २०८३/०८/०८)

कुमाख गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा संचालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता परियोजना अन्तर्गत बिभिन्न किसिमका निर्माण सामग्रीहरु : सिमेन्ट, रड, पाइपहरु, सेनिटरी फिटिङ्गस लगायतका सामग्री खरिद गर्नुपर्ने भएकोले सल्यान जिल्लाको कुमाख गाउँपालिका वडा नं.४, थदरा स्वास्थ्यचौकी सम्म सामग्री आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी कोटेशन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू :

१. कोटेशन फारम तल उल्लेखित स्थानबाट आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको हिमालयन बैंक कुमाख गाउँपालिकामा रहेको खाता नं. १२१०३७२१०३००१५ मा कोटेशन फारम दस्तुर वापत रू २,०००।– जम्मा गरेको भौचर पेश गरेपछि प्राप्त गर्न सकिनेछ ।
२. कोटेशन फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, उद्योग/फर्म भ्याटमा दर्ता भएको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकरण गरेको) तथा फारम दस्तुर तिरेको रसिद पेश गर्नु पर्नेछ । शिलबन्दी कोटेशन खाम बाहिर कोटेशन दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ ।
३. कोटेशन फारममा उल्लेखित प्रत्येक सामग्रीको ढुवानी खर्च समेत समावेश हुनेगरी को दररेट (भ्याट सहित) अंक र अक्षर दुवैमा स्पष्ट गरी लेखिएको हुनु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन । आफूले आपूर्ति गर्न सकिने उल्लेखित सामग्रीको गुणस्तर, कम्पनी/ब्राण्ड अनिवार्य रूपमा कोटेशनमा खुलाउनु पर्नेछ अन्यथा उक्त कोटेशन अन्य भन्दा कम दरभाउ भएतापनि रद्द गर्न सकिनेछ ।
४. कोटेशन फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनुपर्नेछ, अन्यथा उक्त कोटेशन दर्ता गर्न बाध्य हुने छैन ।
५. कोटेशन फारम दर्ता गर्ने अन्तिम मितिको दोस्रो दिन २:०० बजे आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका प्रतिनिधिहरू, साझेदार कार्यालयका प्रतिनिधिहरू र कोटेशन दाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा कुमाख गाउँपालिका, वडा नं. ४ आधारभूत स्वास्थ्य सेवा केन्दमा कोटेशन खोलिनेछ । कोटेशनदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि शिलबन्दी कोटेशन खोल्न बाधा पर्ने छैन । तर सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन कोटेशन खोलिने छ ।
६. कोटेशनमा आफूले कबोल गरेको रकमको (भ्याट सहितको जम्मा रकमको) २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरूप नेपाल सरकारबाट मान्यता प्राप्त कमर्सियल बैंकबाट जारी भएको कोटेशन पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधि भएको बैंक ग्यारेण्टी (Bid Bond) वा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको हिमालयन बैंक कुमाख गाउँपालिकामा रहेको बैंकको खाता हि.नं. १२१०३७२१०३००१५ मा रकम दाखिला गरेको बैंक भौचर कोटेशन दर्ता गर्दा पेश गर्नुपर्ने छ । कोटेशन स्वीकृत भएपछि बिड बोण्ड बाहेक कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतको रकममा नघट्ने गरी कार्य सम्पादन जमानी (परफरमेन्स बण्ड) जम्मा गर्नुपर्नेछ ।
७. म्याद नाघी वा रीत नपुगी आएका कोटेशन उपर कुनै कारवाही हुने छैन ।
८. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयहरूमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।
९. फाराम बुझाउने अन्तिम मिति २०८३/०८/१५ गते कार्यालय समय भित्रमा हुनेछ ।
१०. कोटेशन स्वीकृत गर्ने वा नगर्ने अधिकार थदरा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा सुरक्षित रहनेछ ।

शिलबन्दी कोटेशन प्राप्त गर्ने र पेश गर्ने ठेगाना/स्थान:

आधारभूत स्वास्थ्य सेवा केन्द्र

कुमाख गाउँपालिका वडा नं. ४, थदरा
फोन नं. ९८४७९९८७८३, ९८६६९४७६३१

एचआईभी एड्सबाट बचौं र बचाऔं

- एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:
  - असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
  - लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)